# चौधौं आवधिक योजना २०७३/०७४ - २०७५/०७६ मा हुलाक

## परिच्छेद ५
## पुर्वाधार क्षेत्र विकास नीतिहरु

### ५.३ सूचना तथा सञ्चार

### २. चुनौती तथा अवसार (चुनौती):

हुलाक सेवाको पुनर्संरचना गरी बहुउपयोगी संस्थाको रुपमा विकास गर्नु।

### ३.४ रणनीतिः

५. संघीय संरचना बमोजिम हुलाक सेवाको पुनर्संरचना गरी थप आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी तथा बहुउपयोगी बननाउने।

### ३.५. कार्यनितिः

१२. कुनै पनि हुलाक कार्यालयबाट ग्राहकलाई बचत र ऋणको सेवा पाउने प्रणालीमा आबद्ध गरी हुलाक बचत बैंङ्कको लगानीको क्षेत्र र सेवा विस्तार गरिनेछ।

१३. टेलिसेन्टर र अतिरिक्त हुलाकलाई हुलाक कार्यालयसँगको आबद्धता रहने गरी स्रोत साधन र जिम्मेवारीसहित स्थानीय निकायमा हस्तान्तरण गरिनेछ।

### ३.६ प्रमुख कार्यक्रमहरुः

### (घ) हुलाक सेवाको विकास र आधुनिकीकरणः

१. हुलाक सेवामा निजी क्षेत्रको नियमनको लागि कानुन तथा संरचना निर्माण।

२. डाँक रेखा पुनरावलोकन र द्रुत डाँक सेवाको विस्तार।

३. काठमाण्डौं, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाको हुलाक सेवालाई गोस्वारा हुलाकमार्फत सञ्चालन।

४. काठमाण्डौं उपत्यका र सबै उपमहानगरपालिकाहरुमा हुलाक सेवा केन्द्र स्थापना।

५. हुलाक बचत बैङ्कको लगानीको क्षेत्र र सेवा तथा धनादेश सेवा र काउन्टर अटोमेसन विस्तार।

६. टेलिसेन्टर र अतिरिक्त हुलाकको स्थानीय तहमा निक्षेपण।

७. युवा लक्षित सूचना प्रविधि तालिम, सूचना प्रविधि मेला र प्रदर्शनी सञ्चालन।

## ४. अपेक्षित उपलब्धिः

४०१ हुलाक टेलिसेन्टरको क्षमता विकास भएको र वैदेशिक डाँक सेवा ५० देशमा पुगेको हुनेछ। हुलाक सेवा पुनर्संरचना भई व्यावसायिक तथा विविधीकरण भएको तथा अनलाइन सेवा व्यवस्थित भएको हुनेछ।

## ९.४ नतिजा सूचकः

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| एबीबीएस (ABBS) सेवा सञ्चालन गर्ने हुलाक बचत बैङ्क | सङ्ख्या | ३४ | ६८ | ७१ | ७५ | | सू.सं.म. | |
| काउन्टर अटोमेसन भएका हुलाक | सङ्ख्या | ४० | ५० | ६० | ७५ | | सू.सं.म. | |
| हुलाक टेलिसेन्टर क्षमता विकास | ओटा | | २०० | ३०० | ४०१ | | सू.सं.म. | |
| वैदेशिक द्रुत डाँक सेवा भएका मुलुक | सङ्ख्या | ३८ | ४२ | ४५ | ५० | | सू.सं.म. | |